# प्रसौनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

प्रसौनी, बारा
मधेश प्रदेश, नेपाल

## हाट बजार ठेक्का बन्दोवस्त सम्बन्धी सूचना ।

### प्रथम पटक प्रकाशित मिति (२०८०।१०।०८)

स्थानीय संचालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम यस प्रसौनी गाउँपालिकाको एरिया भित्र आय संकलनको लागि ठेक्का लगाउदै आए अनुसार देहायको शिर्षकमा ठेक्काबाट कर उठाउनको लागि २०८०।११।०१ गते देखि आ.व. ०८१।०८२ को माघ मसान्त सम्मको लागि ठेक्का बन्दोवस्त गर्नु परेकोले तपसिलको शर्तहरुको अधिनमा रहने गरी नेपाली नागरिक वा इच्छुक फर्म वा कम्पनीहरुले १५ दिन भित्र बोलपत्र खरिद गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१. बोलपत्रदाताले खामको बाहिरपट्टी ठेक्का नम्बर, नाम र ठेगाना प्रष्ट लेख्नुपर्नेछ ।

२. यो सूचना प्रकाशित भएको मिति देखि १५ औं दिन सम्म बोलपत्र फाराम यस कार्यालयमा सम्बन्धित नेपाली नागरिक वा अधिकार प्राप्त प्रतिनिधिले निवेदन साथ पेश गरेपछी नियमानुसार बोलपत्र फाराम यस कार्यालयबाट उपलब्ध गराईने छ ।

३. यो सूचना प्रकाशित भएको १६ औं दिनमा दिनको १२:०० बजे भित्र प्रसौनी गाउँ कार्यपालिका कार्यालय, बारा शिलबन्दी बोलपत्र दर्ता गराई सक्नु पर्नेछ र सोही दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा शिलबन्दी बोलपत्र खोलिनेछ । उक्त दिन सार्वजनिक विदा परेमा सो पछि लगतै कार्यालय खुलेको दिन सोही समयमा सो शिलबन्दी बोलपत्र पेश गर्ने र खोलिने अन्तिम मिति कायम हुनेछ ।

४. बोलपत्र फाराममा अंक र अक्षर केरमेट नगरी स्पष्टसंग लेख्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षर लेखेकालाई मान्यता दिईनेछ ।म्याद नाघी वा रीत नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

५. बोलपत्र साथ आफुले कबोल गरेको अंकको ५ (पाँच) प्रतिशतले हुने आउने धरौटी रकम यस कार्यालयको हिमालयन बैंक लिमिटेड प्रसौनी शाखामा रहेको हि.नं. ०५३०७६८२९४००१३ धरौटी खातामा जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा जारी गरेको ६० दिन म्याद भएको विडवण्ड को सक्कलै प्रति संलग्न गर्नुपर्नेछ ।

६. ठेक्का कबुल गरेको रकम एकमुष्ठ दाखिला गर्नुपर्नेछ र एकमुष्ठ रकम दाखिला गर्दा कबोल अंकले हुने रकमको १०% (दश प्रतिशत) छुट दिईनेछ ।

७. ठेक्का कबोल गरेको रकम ७ दिन भित्र यस गाउँ कार्यपालिकाको हिमालयन बैंक लि. प्रसौनी बारा स्थित यस कार्यालयको नाममा रहेको मुल संचित खाता नं. ०५३०७६८२९४००१४ मा अनिवार्य रुपमा एकमुष्ठ दाखिला गरी सो को भौचर गाउँ कार्यपालिकामा बुझाई ठेक्का सम्झौता गरेपछि कार्यालयबाट चलन पुर्जी लिई तोकिएको मितिबाट ठेक्का संचालन गर्न पाउनेछ ।अन्यथा धरौटी रकम जफत गरी दोस्रो स्थानमा रहेको ठेकदारको ठेक्का स्वीकृत गर्ने वा पुनः बोलपत्र आह्वान गर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।

८. असुली दररेट शिलबन्दी बोलपत्र फाराम साथ उपलब्ध गराईनेछ ।

९. ठेक्का चलन गर्दा प्रचलित कानुन अनुसार मात्र चलन गर्नुपर्नेछ । प्रसौनी गाउँपालिका वा सार्वजनिक हित विपरीत कुनै पनि कार्य गर्न गराउन ठेकेदारले पाउने छैन । ठेक्का चलन गर्दा कुनै विवाद आएको खण्डमा गाउँ कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

१०. यस सूचनामा उल्लेख नभएको अन्य विषय प्रचलित ऐन, नियमानुसार हुनेछ ।

११. ठेक्काको विवरण निम्नानुसार छ ।

| आय ठेक्का नं. | ठेक्का शिर्षक | ठेक्का न्यूनतम रकम रु. | बोलपत्र फाराम दस्तुर (फिर्ता नहुने गरी) |
|---|---|---|---|
| PRM/001/080/81 | बहाल बिटौरी कर (प्रसौनी बजार ठेक्का) | २,८५,०००।- (मु.अ.कर समेत) | १,०००।- |



CamScanner